# भरतपुर खानेपानी ब्यवस्थापन बोर्ड

**भरतपुर, चितवन**

## सिलबन्दि वोलपत्र/दरभाउपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०७२।०९।०६

यस भरतपुर खानेपानी ब्यवस्थापन बोर्ड अन्तर्गत तपशिल बमोजिमको कार्य सिलबन्दि वोलपत्र/दरभाउपत्रको माध्यमबाट गराउनुपर्ने भएकोले इजाजत प्राप्त इच्छुक योग्य नेपाली निर्माता/सप्लायर/निर्माण ब्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वक सिलबन्दि वोलपत्र/दरभाउपत्र पेश गर्नुहुन सम्वन्धित सवैको लागि यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरुः**

१. बोलपत्र दस्तुर रु १०००।- र दरभाउ पत्र दस्तुर रु. ३००।–(पछि फिर्ता नहुने गरि) बुझाई अद्यावधिक इजाजतपत्र, आयकर दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र र मुल्य अभिवृद्धि कर कार्यालयमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि सहित निवेदन दिइ यस कार्यालयबाट यो सुचना प्रकाशित भएको मितिले वोलपत्रको हकमा ३० औं दिनसम्म र दरभाउपत्रको हकमा १५ औं दिन सम्म फारम खरिद गर्न सकिने छ। एक व्यक्ति, एक फर्म वा संस्थाको नाममा खरिद भएको वोलपत्र/दरभाउपत्र अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाईने छैन।

२. खरिद भएका वोलपत्र सूचना प्रकाशित भएको मितिले ३१औं दिनको १२:०० बजे सम्म र दरभाउपत्रहरुको हकमा सूचना प्रकाशित भएको मितिले १६औं दिनको १२:०० बजे सम्म यस कार्यालयलाई सम्बोधन गरि सिलबन्दी खाममा फर्मको नाम, ठेक्का नं. आदि प्रष्ट खोली दर्ता गराउनु पर्नेछ।

३. दर्ता भएका वोलपत्रहरु सूचना प्रकाशित भएको मितिले ३१औं दिन अपरान्ह २ बजे र दरभाउपत्रहरु सूचना प्रकाशित भएको मितिले १६औं दिन अपरान्ह २ बजे वोलपत्र/दरभाउपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा यस वोर्डको कार्यालयमा खोलिने छ। प्रतिनिधि उपस्थित नभए पनि वोलपत्र/दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

४. वोलपत्र/दरभाउपत्र खरिद वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट वा कार्यालय खुलेको दिन उल्लेखित समय अनुसार हुनेछ।

५. जमानत वापतको रकम यस कार्यालयको नाममा प्राईम कमर्सियल बैंक चौविसकोठी भरतपुरमा रहेको खाता नं.**००३०००६७ CA** मा जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको मान्यता प्राप्त बैंकबाट वोलपत्रको हकमा कम्तिमा ९० दिन र दरभाउपत्रको हकमा कम्तिमा पनि ७५ दिन म्याद भएको सक्कलै विडबण्ड दरभाउपत्रसाथ राख्नु पर्नेछ।

६. वोलपत्र/दरभाउपत्रदाताले प्रति इकाई दररेट अंक र अक्षरमा प्रष्ट गरी लेख्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरको दररेटलाई मान्यता दिइनेछ।

७. वोलपत्र/दरभाउपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयलाई रहने छ।

८. वोलपत्र/दरभाउपत्र दाताले कामको सम्बन्धमा राम्ररी बुझि दरभाउपत्र भरेको मानिने छ।

९. अन्य कुराहरु वोलपत्र/दरभाउपत्र फारममा उल्लेख गरिने छ।

**तपशिल**

| ठेक्का नं. | कामको विवरण | वोलपत्र/दरभाउपत्र दाता | किसिम | लगत इष्टमेट रकम (भ्याट वाहेक रु. | धरौटी रु. | बोलपत्र दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | एच.डि.पि.पाइप ( NS: 40)सप्लाई | ईजाजत प्राप्त निर्माता/सप्लायर | वोलपत्र | २६,१५,७१४/७२ | ७५,०००।- | १०००।- | |
| २. | विभिन्न निर्माण कार्य | ईजाजत प्राप्त निर्माण व्यवसायी | वोलपत्र | ३९,१४,०४२/७२ | १,१०,०००।- | १०००।- | |
| ३. | Down The Hole (DTH ) Machine द्धारा ८" डायमिटर र ७० मीटर गहिरो डिप वोरिङ्ग निर्माण कार्य, | ईजाजत प्राप्त ड्रिलिङ कम्पनी | दरभाउ पत्र | ११,०२,६६८/७८ | ३०,०००।- | ३००।- | |